# राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान, नेपाल

केन्द्रीय कार्यालय
तिनकुने, पेरिसडाँडा, कोटेश्वर-३२, काठमाण्डौं, नेपाल

सम्माननीय प्रधानमन्त्री ज्यू ,
माननीय विभागीय मन्त्रीज्यूहरु,
सरकारका मुख्य सचिव तथा सचिवज्यूहरु,
साथै विभागीय प्रमुखज्यूहरु,
प्रधानमन्त्रीको कार्यालय,
सिहदरवार, काठमाण्डौं, नेपाल

नेपाल सरकार समक्ष तपसिल वमोजिमको माग र मुद्दाहरु सम्वोधनको लागि वर्तामा पेश गर्दछु ।

१. २०६२ - ६३ को जनआन्दोलनको म्याण्डेड धर्म निरपेक्षता, संघीयता ल्याउने र राजसंस्था हटाउने थिएन । तसर्थ किंरात, बौद्ध सहितको हिन्दु अधिराज्य, प्रदेश खारेजी र राजसंस्थाका सन्दर्भमा जनमत संग्रहको माध्यमबाट निर्णय लिनुपर्ने ।

२. बैंक, वित्तिय संस्था, सहकारी, लघुवित्त बाट कालो सूचीमा राखिएका व्यवसायीहरुलाई कालोसूची बाट हटाउनु पर्ने ।

३. सहकारी बचतकर्ताको डुवेको रकम राज्यले जिम्मा लिई फिर्ता गराउने ।

४. कुनैपनि ऋणीहरु लाई कालोसूचीमा राख्न नहुने र ३५ दिने सुचना प्रकाशन गर्न नपाउने ।

५. भुमिहिन सुकुम्बासी र काठमाण्डौं उपत्यकामा रहेका कवाड व्यवसयीहरु लाई दिर्घकालिन विकल्प सहित व्यवस्थापन गर्नुपर्ने ।

६. वैंकले आफ्नो नाममा ल्याएका गैरबैंकिङ्ग सम्पतिहरु हाललाई बेचविखन गर्न नपाउने ।

७. बैंक र व्यवसायी एउटै घरानाको भएकोले बैंक र व्यवसायी छुट्टाउनुपर्ने ।

८. बैंक, लघुवित्त र सहकारीका कर्मचारीहरु ऋणीको घर घरमा पुगि दवाव दिने, थर्काउने सर सामान उठाउने जस्ता कार्य गर्न नहुने ।

# राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान, नेपाल

केन्द्रीय कार्यालय

तिनकुने, पेरिसडाँडा, कोटेश्वर-३२, काठमाण्डौं, नेपाल


९. लघुवित्त र सहकारीमा भएको गरिव पिडीत नागरीकको २० लाख भन्दा मुनिको ऋण मिनाहा गर्नुपर्ने र २० लाख भन्दा माथिका डुबेका व्यापारी, व्यवसायीलाई ५ प्रतिशतमा सुलभ कर्जा उपलब्ध गराई २५ वर्ष अवधीमा तिर्ने वातावरण बनाउनुपर्ने ।

१०. नेपाल सरकारमा दर्ता भएका स्वास्थ्य संस्थाहरु र अस्पतालहरुमा डक्टर र नर्सको चरम अभाव हुनथालेकोले नर्स र डाक्टर पढ्न पाउने कोटा बढाउनु पर्ने ।

११. जेन-जी विद्रोह पछि देशका विभिन्न प्रहरी हिरासत र जेलमा रहेका ७ सय भन्दा बढि जेन-जी बन्दीहरुलाई रिहाई गर्नुपर्ने ।

१२. सेना, प्रहरी, ससत्र प्रहरी र निजामती कर्मचारीको तलव हाललाई २० हजार सम्म वढाउनु पर्ने ।

१३. चैत्र १५ गतेको घट्ना राज्य पक्षको घुसपैठ बाट भएको र राजनितीक प्रतिशोध साँधी लगाईएका सबै प्रकारका भुठामुद्दाहरु फिर्ता लिनुपर्ने ।

१४.२०४६ साल पछिका उच्च ओहदाका भ्रष्टचारीहरु र सरकारी कर्मचारीहरुको सम्पत्ति विवरण छानविन गर्ने र भदौं २३ र २४ गतेको जेनजी आन्दोलनकारीहरुको हत्यारा लाई तत्काल पकाउ गरेर कारवाही गर्नुपर्ने ।

१५. उपत्यकामा रहेका ट्याक्सी व्यवसायीहरुलाई पटकै पिच्छे ११ % देखी १५ % सम्म कर तिर्ने कार्य वन्द गर्नुपर्ने र यातायातका साधनहरु बिग्रने भएको हुँदा उनिहरुको ऋण रि-स्टकचर गरि सवारी साधन मालिकहरु लाई नै फिर्ता दिनुपर्ने ।

१६. कारागार भित्र कामगर्ने कैदी वन्दीहरुलाई राजाको पालामा लागु गरिएको सुविधा निरन्तर बढाएर निजामती कर्मचारी सरह विदाको सुविधा दिनुपर्ने ।

१७. कारागारमा रहेका कैदी बन्दीहरुलाई एकपटकको लागि ६० % कैद मुक्त गरी उत्पादनमा जोड्नु पर्ने र वन्दीहरुको लागि २०४५ सालमा छुट्याएको रकम रु.९६।– लाई बढाएर दैनिक रु.२००।– कायम गर्नुपर्ने ।

१८. झुठा मुद्दामा जेलमा रहेका सहकारी सञ्चालकहरुको मुद्दा फिर्ता लिई महाअभियान र सरोकारवाला निकाय र वचतकर्ता बीच संयन्त्र निर्माण गरी समस्या सामाधान गर्नुपर्ने ।

१९. नदि किनारा २० मिटर कायम गर्नुपर्ने र किसानका जैविक खेतीवाली जोगाउनु पर्ने ।

२०. विदेशीएका युवाहरुलाई स्वदेश फर्किएमा ३ % व्याजदरमा बिना धितो ३० लाख उपलब्ध गराई उत्पादन र रोजगारीमा जोड्नु पर्ने ।

केन्द्रिय अधक्ष्य

श्री दुर्गा प्रसाद प्रसाई